हकमा आयोगको केन्द्रीय कार्यालयको निरीक्षण शाखामा र राजपत्र अनंकित-को हकमा सम्बन्धित अञ्चलको आयोगको क्षेत्रीय कार्यालय वा अञ्चल कार्यालयमा पठाउनु पर्नेछ ।

१४. यस आयोगको निम्न सूचना र परिपत्रमा देहायबमोजिम गरिएको छः–

(क) राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभागलाई लेखिएको अधिकार प्रत्यायोजनसम्बन्धी मिति २०३९।२।११ को परिपत्र कायमै राखिएको छ ।

(ख) सिभिल सर्जनलाई अधिकार प्रत्यायोजन गर्नेबारे स्वास्थ्य सेवा विभागलाई लेखिएको मिति २०३९।१।२८ को परिपत्र खारेज गरिएको छ ।

(ग) गाउँ पञ्चायत एवं बहुमुखी विकास कार्यकर्ताको पदपूर्ति सम्बन्धमा नियुक्तिका अधिकारीलाई अधिकार प्रत्यायोजन गर्नेबारेको मिति २०३२।१२।२७ को परिपत्र खारेज गरिएको छ ।

(घ) खण्ड ३२ मिति २०३९।५।७ संख्या १९ को नेपाल राजपत्र भाग ४ पृष्ठ २२ मा प्रकाशित अधिकार सुम्पनेसम्बन्धी यस आयोगको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
भुवनमानसिंह प्रधान
सचिव
लोक सेवा आयोग

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४२।४।१४ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणी पञ्चायत तथा स्थानीय विकास मन्त्रालयका श्री लीलाबहादुर दहाललाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.२(२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७.२ (१) बमोजिम मिति २०४२।३।३ देखि लागू हुने गरी स्वेच्छिक अवकाश दिएको छ ।

आज्ञाले,
ज्ञानबहादुर शाक्य
उप-सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६४